'पर्यटकीय नगरी'

# सूर्योदय नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम
१ नं. प्रदेश, नेपाल ।

मितिः-२०७८/०४/३१

### आ .व. ०७८/७९ को आन्तरिक आय ठेक्का बन्दोबस्त सम्बन्धि प्रथम पटक शिलबन्दी बोलपत्र पत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७८/०४/३१)

यस नगरकार्यपालिकाले लगाउन सक्ने देहायका कर, शुल्क संकलन गर्न ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति भए नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी , फर्म वा कम्पनी वा संगठीत संस्था भएमा आ.व. ०७८\७९ सम्मको नविकरण भएको प्रमाण पत्र, मूल्य अभिबृध्दि कर दर्ता प्रमाण पत्र तथा गत आ.व. ०७७\७९ सम्मको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपी साथै राखी रू. ३०००।–(अक्षरेपी तीन हजार) मात्र (पछि फिर्ता नहुने गरी) नगदै बुझाई बोल पत्र सूचना प्रकाशीत भएको मितिले ३० औं दिन भित्र ( २०७८/०५/२८ भित्र ) कार्यालय समय भित्र खरिद गरी ३१ औं दिन (२०७८/०५/२९ गते) को १२.०० बजे भित्र नगरपालिका कार्यालयको राजश्व शाखामा बुझाउने गरी सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक रुपमा यो सूचना प्रकाशित गरिएकोछ ।

ठेक्काको विवरण :-

| ठेक्का नम्बर | ठेक्काको किसिम | सरसफाई शुल्क संकलन गर्ने स्थान | न्यूनतम ठेक्का अंक रु.मा | बोलपत्र खरिद गर्न सकिने स्थान |
|---|---|---|---|---|
| आन्तरिक.आय ठेक्का नम्बर १०/आब./०७८/७९ | कन्याम पर्यटकीय क्षेत्रमा लगाइने सरसफाई शुल्क घोडा तथा ट्रलि समेत | कन्याम पर्यटकीय क्षेत्र | २१,००,०००/- एक्काईस लाख | नगर कर्यपालिका को कार्यालय (राजश्व शाखा) |

ठेक्काको विवरण :-

| ठेक्का नम्बर | ठेक्काको किसीम | कर संकलन गर्ने नगर क्षेत्रभित्र राखिने विज्ञापन जन्य सामग्रीमा लगाइने | न्यूनतम ठेक्का अंक रु.मा | दर भाउ पत्र खरिद गर्न सकिने स्थान |
|---|---|---|---|---|
| आन्तरिक.आय ठेक्का नम्बर ११/आ.ब./०७८/७९ | अन्तु भ्यूटावरबाट दृष्यावलो कन बापत लिइने सेवा शुल्क असुली ठेक्का | अन्तु भ्यूटावरको दृष्यावलोकन स्थल | ३०,०००००/- तीस लाख | नगर कर्यपालिका को कार्यालय (राजश्व शाखा) |

## शर्तहरु

(१) यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ३० औ दिनको (मिति २०७८/०४/२८ गते भित्र ) कार्यालय समय भित्र व्यक्ति भएमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, फर्म, कम्पनी वा संस्था भए आफ्नो फर्मको आ.व.२०७७\७८ र नविकरण भएको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर, दर्ता प्रमाण पत्र तथा आ.व. ०७७\७८ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी साथै राखी रु ३०००/०० (तीन हजार बोलपत्र) पछि फिर्ता नहुने गरी शुल्क बुझाई सूचनामा उल्लेखित स्थानबाट शिलबन्दी बोलपत्र खरिद गर्न सकिने छ ।

।१। प्रथम: प्रकाशन

(२) जसको नामबाट शिलबन्दी बोलपत्र खरिद गरिएको हो सोही व्यक्ति वा फर्मको नामबाट मात्र शिलबन्दी बोलपत्र दाखिला गर्नु पर्नेछ । यस कार्यालयको छाप र कार्यालय प्रमुखको वा अख्तियार प्राप्त अधिकारिको दस्तखत नभएकालाई मान्यता दिइने छैन र सोको छाँयाप्रति पनि स्वीकार्य हुने छैन ।

(३) शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट ३१ औं दिनको (मिति २०७८/०५/२९ गते) १२.०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गराइसक्नु पर्नेछ । शिलबन्दी बोलपत्र विक्री वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य सो को भोलिपल्ट हुनेछ ।

(४) आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुने धरौटी रकम राष्ट्रिय बाणिज्य बैंक, फिक्कल शाखा स्थित यस कार्यालयको धरौटी खाता नं २१०००३०३००००००२ मा दाखिला गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

(५) तोकिएको समयभित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको ( मिति २०७८/०५/२९ गते) २.०० बजे कार्यालय प्रतिनिधि, बोलपत्र दाता वा निजका प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । सो समग्रमा बोलपत्रपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

(६) शिलबन्दी बोलपत्रको खाममा ठेक्का नं.,.....ठेक्काको नाम र बोलपत्रदाताको नाम, ठेगाना र छाप स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

(७) शिलबन्दी बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । कुनै व्यहोरा सच्याएको भएमा सच्याएको ठाउँमा समेत बोलपत्रदाताको दस्तखत भएको हुनुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

(८) कुनै शर्त राखिएको म्याद नाघी आएको वा रीत नपुगेको शिलबन्दी बोलपत्र उपर कारवाही हुने छैन ।

(९) शिलबन्दी बोलपत्रपत्र स्वीकृत भएको सूचना पाएको वा घरदैलोमा टाँस भएको वा स्थानीय स्तरको पत्रिकामा प्रकाशित भएको वा नगरपालिकाको वेबसाईटमा राखेको वा अन्य विद्युतिय माध्यमको प्रयोग गरी सूचित गरको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न स्वीकृत बोलपत्रवाला कार्यालयमा उपस्थित हुनुपर्नेछ । सो अवधि भित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरिनेछ । कुनै कारण जनाई वा नजनाई शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

(१०) यस कार्यालयबाट गत विगत वर्षहरुमा लगाइएको ठेक्काको रकम बुझाउन बाँकी रहेको व्यक्ति, फर्म, कम्पनी, संस्थाहरुको शिलबन्दी बोलपत्र स्वीकृत हुनेछैन ।

(११) ठेक्का स्वीकृत भई कबोल गरिएको ठेक्काको सम्पूर्ण रकम सम्झौताको बखत एकमुष्ट बुझाएमा १० प्रतिशत (दश प्रतिशत) छुट दिइनेछ । किस्ताबन्दीमा छुटको सुविधा दिइनेछैन । यदि किस्तावन्दीमा बुझाउन चाहेमा सम्पूर्ण ठेक्का रकमको ४०% रकम ठेक्का संझौताकै बखत बुझाए पछि मात्र ठेक्का संझौता हुनेछ। बाँकी किस्ताको हकमा ३०% ले हुने कबोल रकमको ०७८ मङसिर मसान्त भित्र र बाँकी ३०% ले हुने रकम २०७८ चैत्र मसान्त भित्र यस कार्यालयमा बुझाई सक्नुपर्नेछ । तोकिएको समयमा तोकिएको किस्ता नबुझाएमा ठेकेदारले पेश गरेको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल गरिनेछ । धरौटी रकमलाई किस्तामा समावेश गरिनेछैन ।

(१२) एकमुष्ट रकम बुझाउनेको हकमा छुट बाहेकको सम्पूर्ण रकम दाखिला गरिसकेपछि र किस्तामा बुझाउनेको हकमा प्रथम किस्ता बुझाई बाँकी दोस्रो र तेस्रो किस्ता रकमको हकमा सो किस्ता बराबरको २०७८ भाद्र मसान्तसम्म म्याद रहनेगरी यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका बैंक जमानत (परफरमेन्म वण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलानी पूर्जी दिइनेछ ।

(१३) ठेक्का संचालनको सिलसिलामा नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर, शुल्क आदि ठेकेदार स्वयंले बुझाउनु पर्नेछ । उक्त रकम ठेक्का अंकबाट कटाउन पाइनेछैन ।

(१४) ठेकेदारले ठेक्का चलान गर्दा सिलसिलेबार नम्बर सहितको ३\३ प्रति भएको नगदी रसिद आफ्नै तर्फबाट छपाई गरी कार्यालयमा दाखिला गरी, कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाएर मात्र कर दस्तुर संकलन गर्ने कार्यमा प्रयोग गर्नुपर्नेछ । कार्यालयले माग गरेमा प्रयोग भएका नं. रसीदहरुको एक प्रति उपलब्ध गराउनु ठेकेदारको कर्तव्य हुनेछ ।

(१५) ठेक्का संचालनको सम्बन्धमा ठेकेदारले अदालत, नेपाल सरकार तथा नगरपालिकाले समय समयमा भएका आदेश, निर्देशन, नीति नियमको पालना गर्नुपर्नेछ ।

(१६) ठेक्का चलान गर्दा कुनै किसिमको वाधा अड्चन आइपरेमा वा ठेकेदार र कार्यालय बीच विवाद भएमा ऐन नियम तथा सम्झौताको परिधिभित्र रही नगरकार्यपालिकाले गरेको निर्णय अन्तिम र मान्य हुनेछ ।

(१७) ठेकेदारले बोलपत्र फाराममा उल्लेख भए बमोजिमको दरमा मात्र सरसफाई शुल्क संकलन गर्नुपर्नेछ ।

(१८) ठेकेदारले नगरपालिकाबाट तोकिएको सरसफाई शुल्क संकलन केन्द्रमा मात्र संकलन गर्नु पर्नेछ ।

(१९) ठेकेदारले निर्धारित दररेट भन्दा बढी शुल्क संकलन गरेको पाइएमा सो को हुने दोब्बर रकम सम्बन्धितलाई फिर्ता गर्न लगाई प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

(२०) ठेकेदारले ठेक्का रकम संकलन गर्ने केन्द्रमा स्वीकृत दररेटलाई होडिङ्ग बोर्डमा लेखी सर्वसाधारण सबैले देख्न सक्ने स्थानमा राख्नु पर्नेछ ।

(२१) ठेकेदारको ठेक्का स्वीकृत भइसकेछि विभन्नि बन्द, हड्ताल लगायतका अन्य अवरोधको कारणले गर्दा सरसफाई शुल्क असुल गर्न अप्ठ्यारो पर्न गयो भनी कुनै पनि किसिमको छुट माग्न पाइनेछैन । नगरपालिकाले कुनै किसिमको छुट, मिनाहा दिने छैन ।

(२२) उपरोक्त ठेक्काहरुमा उठाइने कर, दस्तुर, शुल्क, बिक्री, दररेट कर संकलन केन्द्र तथा ठेक्का सम्बन्धी विशेष शर्तहरु सहितको विस्तृत विवरण तपिशलमा उल्लेख गरिएको छ

(२३) यस सूचनामा उल्लेख भएको कुराहरुको हकमा सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२४) फर्म वा व्यक्तिले ठेक्का स्वीकृत भएको जनाउ पत्र प्राप्त भएपछि तोकिएको म्याद भित्र कार्यालयमा सम्झौताको लागि सम्पर्कमा आउँदा व्यक्ति भएमा निजको नाममा आन्तरिक राजश्व कार्यालयबाट जारी भएको पान नं. साथ उपस्थित हुन पर्नेछ ।

(२५) विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी जानकारी लिन सकिनेछ । ( सम्पर्क न ९८४२६२३३८१ )

(२६) कन्याम पर्यटकीय क्षेत्रमा तथा अन्तु भ्यूटावरबाट दृष्यावलो कन बापत लिइने सेवा शुल्क र सरसफाई सेवाशुल्कको दररेट बोलपत्र साथमा लिन सकिने छ ।

### पर्यटन शुल्कको दर (आ.व. २०७८/७९)

(क) अन्तु भ्यूटावरको प्रवेशमा लाग्ने पर्यटन शुल्कको दर

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | पार्क, पिकनिकस्पट | ५०० | |
| २ | दृष्यावलोकनअन्तु टावरको सेवा शुल्क | ५० | |
| | क) १२ कक्षासम्मका विद्यार्थी तथा १८ वर्षमुनिका बालबालिका | २० | |
| | ख) नेपाली नागरिक | ५० | |
| | ग) अन्यमुलुकका नागरिक | १०० | |

**(ख) कन्याम पर्यटकीय क्षेत्रमा लगाइने सरसफाई सेवाशुल्कको दररेट :** कन्याम पर्यटकीय क्षेत्रबाट उत्पादन हुने फोहोरमैला व्यवस्थापन बापत देहायमा उल्लेखित दरमा फोहोरमैला व्यवस्थापन शुल्क लगाई असुल गरिनेछ

| क्र.सं. | विवरण (सवारी साधन) | इकाई | दर रु. | |
|---|---|---|---|---|
| | | | सुख्खा बनभोज | पकाएर खाने बनभोज |
| क) | सवारीसाधन लिई आउने व्यक्तिहरु | प्रति सवारी साधन प्रति पटक | | |
| १ | मोटरसाइकललिई आउने | प्रति सवारी साधन प्रति पटक | १५ | ५० |
| २ | मारुती भेनलिई आउने | प्रति सवारी साधन प्रति पटक | ५० | १०० |
| ३ | माइक्रो बसलिई आउने | प्रति सवारी साधन प्रति पटक | १०० | २०० |
| ४ | लेण्डरोभरजीप लिई आउने | प्रति सवारी साधन प्रति पटक | १०० | २०० |
| ५ | मिनि बसलिई आउने | प्रति सवारी साधन प्रति पटक | २०० | ३०० |
| ६ | बस लिईआउने प्रति सवारी साधन प्रति पटक | प्रति सवारी साधन प्रति पटक | ३०० | ४०० |

| क्र.सं. | विवरण (सवारी साधन) | इकाई | दर रु. | |
|---|---|---|---|---|
| | | | सुख्खा बनभोज | पकाएर खाने बनभोज |
| (क) | सवारीसाधन लिई आउने व्यक्तिहरु | प्रति सवारी साधन प्रति पटक | | |
| १ | मोटरसाइकललिई आउने | प्रति सवारी साधन प्रति पटक | १५ | ५० |

| क्र.सं. | विवरण (सवारी साधन) | इकाई | दर रु. | |
|---|---|---|---|---|
| | | | सुख्खा बनभोज | पकाएर खाने बनभोज |
| २ | मारुती भेनलिई आउने | प्रति सवारी साधन प्रति पटक | ५० | १०० |
| ३ | माइक्रो बसलिई आउने | प्रति सवारी साधन प्रति पटक | १०० | २०० |
| ४ | लेण्डरोभरजीप लिई आउने | प्रति सवारी साधन प्रति पटक | १०० | २०० |
| ५ | मिनि बसलिई आउने | प्रति सवारी साधन प्रति पटक | २०० | ३०० |
| ६ | बस लिई आउने प्रति सवारी साधन प्रति पटक | प्रति सवारी साधन प्रति पटक | ३०० | ४०० |
| (ख) | सवारीसाधन नलिई आउने व्यक्तिहरु | | | |
| १ | ५ जना सम्म | प्रति दिन प्रति पटक | ५० | १०० |
| २ | ५ देखि १०जना | | ५० | १०० |
| ३ | १० जनादेखि माथी | | १०० | २०० |
| (ग) | अन्य | | | |
| १ | घोडा दैनिक | प्रतिगोटा प्रतिदिन | ८० | |
| २ | फिल्मसुटिङ ठूलो पर्दा | प्रति दिन | १५०० | |
| ३ | म्यूजिकभिडियो | | १००० | |
| ४ | टेलीसिरीयल | | १००० | |
| (घ) | अस्थायी पसल थाप्ने | प्रति दिन | | |
| १ | तरकारी पसल | | २० | |
| २ | अन्य | | २० | |
| (ङ) | घुम्ती (कटगरा, ट्रली) | | ३० | |

१४।

प्रमुख प्रशासकीय अधिकृत
(प्रकाशराज पौडेल)